आज मिति २०७६।१२।११ गतेका दिन श्रीमान् प्रमुख सचिव ज्यूको अध्यक्षतामा प्रदेशका प्रदेश सचिव तथा अन्य महानुभावहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| प्रमुख सचिव श्री तोयम राया | बागमती प्रदेश |
| प्रदेश सचिव श्री मधु सुदन बुर्लाकोटी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| प्रदेश सचिव श्री योगेन्द्र कुमार कार्की | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| प्रदेश सचिव श्री गोकर्णमणी दुवाडी | सामाजिक विकास मन्त्रालय |
| प्रदेश सचिव श्री तेजराज भट्ट | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| प्रदेश सचिव श्री मुकुन्द प्रसाद पौडेल | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| प्रदेश सचिव श्री विनोद प्रकाश सिंह | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| प्रदेश सचिव श्री शिव कुमार वाग्ले | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| प्रमुख जिल्ला अधिकारी श्री दिपक नेपाल | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| अध्यक्ष श्री प्रकाश पौडेल | हेटौडा अस्पताल |
| मे.सु. डा. प्रविण श्रेष्ठ | हेटौडा अस्पताल |

निर्णय नं. १

अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयको सेवा सुचारु राख्ने, आवश्यक प्रवन्ध तालुक कार्यालय/निकायले मिलाउने ।

निर्णय नं. २

सबै कार्यालय प्रमुखहरु तालुक निकायको सम्पर्कमा रहने, सबै कार्यालयको आधिकारिक इमेल खडा गरी सूचना प्रवाह गर्ने ।

निर्णय नं. ३

कार्यालय संचालनको लागि अतिआवश्यक कर्मचारी मात्र कार्यालयमा उपस्थित हुने गरी अन्य कर्मचारीलाई सम्पर्कमा रहने गरी कार्यालय प्रमुखले बिदा दिने ।

Scanned with CamScanner

निर्णय नं. ४

कर्मचारी विरामी भएमा उपचारको प्रवन्ध कार्यालय प्रमुखले समन्वय गरी मिलाउने, सो को जानकारी तालुक निकायमा पठाउने, सम्वन्धीत मन्त्रालयले एकीकृत विवरण तयार गर्ने ।

निर्णय नं. ५

प्रदेश अन्तर्गतका स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको कार्यालय आवतजावतको व्यवस्था सम्वन्धीत मन्त्रालयले अन्य निकायसंग समन्वय गरी मिलाउने ।

निर्णय नं. ६

अन्य निकायको पास सम्वन्धमा अत्यावश्यक कार्य बाहेक पास वितरण नगर्ने, प्रदेश कार्यालयको हकमा सम्वन्धीत प्रमुख जिल्ला अधिकारी र हेटौंडाको हकमा सम्वन्धीत सचिवले वितरण गर्ने, पासको दुरुपयोग भएमा वितरणकर्ता समेत जिम्मेवारी बनाइने ।

Scanned with CamScanner